नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(योजना तथा अनुगमन शाखा)

प.सं. २०७८/०७९ (योजना तथा अनुगमन) चलानी नं. ९२३

मिति:२०७८/१०/१७

बिषयः कार्यविधि पठाइएको सम्बन्धमा ।

श्री स्थानीय तह,
सुदूरपश्चिम र कर्णाली प्रदेश (सम्बन्धित सबै)

प्रस्तुत बिषयमा उच्च पहाडी तथा हिमाली क्षेत्र समृद्धि कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका माननीय मन्त्रीज्यूको मिति २०७८/१०/०६ को निर्णयानुसार स्वीकृत भएको **"उच्च पहाडी तथा हिमाली क्षेत्र समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि २०७८"** यसै पत्रसाथ संलग्न राखी जानकारीको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(गोविन्द के.सी)
शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रबिधि शाखा, मन्त्रालयको website मा upload गरिदिनु हुन ।

## उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

कार्यविधि स्वीकृति मितिः २०७८।१०।०६

**प्रस्तावनाः** उच्च पहाडी एवम् हिमाली क्षेत्रका मानव विकास सूचकाङ्कमा तुलनात्मक रुपमा पछाडि परेका स्थानीय तहमा एकीकृत बस्ती विकास तथा भौतिक पूर्वाधार विकास एवम् जीविकोपार्जन सुधारका कार्यक्रमहरु सञ्चालन गरी स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०७८ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

### परिच्छेद -१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधि को नाम "उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले यस कार्यक्रम मार्फत् उपलब्ध हुने सशर्त अनुदान सम्झनु पर्छ।

(ख) "आयोजना" भन्नाले कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना सम्झनु पर्छ।

(ग) "आयोजना छनौट समिति" भन्नाले दफा १६ बमोजिम गठित समिति सम्झनु पर्छ।

(घ) "उपभोक्ता समिति" भन्नाले कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ता सम्मिलित भई आयोजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन गर्न गठन भएको समिति सम्झनु पर्छ।

(ङ) "एकीकृत वस्ती विकास" भन्नाले कुनै वस्ती विशेषमा उपलब्ध हुन सक्ने भौतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक पूर्बाधारहरु समेतलाई समेटी ब्यबस्थित रुपमा बनाइएको योजनाबद्ध वस्ती सम्झनु पर्दछ ।

(च) "कार्यक्रम" भन्नाले उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम सम्झनु पर्छ।

(छ) "केन्द्रीय समन्वय एकाइ" भन्नाले मन्त्रालय अन्तर्गत रहने गरी दफा १८ बमोजिम गठन भएको एकाइ सम्झनु पर्छ।

(ज) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले अनुसूची-१ मा उल्लिखित गाउँपालिका तथा नगरपालिका सम्झनु पर्छ।

३. **<u>कार्यविधिको उद्देश्यः</u>** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः

(क) उच्च पहाडी एवम् हिमाली क्षेत्रका आर्थिक, सामाजिक रूपले पछाडि परेका वर्ग, समुदाय र भौगोलिक क्षेत्रको पहिचान गर्नु,

(ख) कार्यक्रम सञ्चालन हुने भौगोलिक क्षेत्र किटान गर्नु,

(ग) आयोजना छनौट र प्राथमिकीकरणका आधार निर्धारण गर्नु,

(घ) आयोजना कार्यान्वयन, बजेट निकासा र खर्च प्रणालीलाई व्यवस्थित गर्नु,

(ङ) अनुदान उपलव्ध गराउने आधार र प्रक्रिया स्पष्ट गर्नु,

(च) कार्यक्रम कार्यान्वयनमा सरोकारवालाको भूमिका स्पष्ट गर्नु,

(छ) कार्यक्रम कार्यान्वयनमा सामाञ्जस्यता तथा एकरूपता कायम गर्नु।

## परिच्छेद -२

## <u>कार्यक्रमको कार्यक्षेत्र र स्रोत व्यवस्थापन</u>

४. **<u>कार्यक्रमको कार्यक्षेत्रः</u>** मानव विकास सूचकाङ्क न्यून एवम् गरिबीको समग्र दर र गहनता उच्च रहेका अनुसूची-१ मा उल्लेख भए बमोजिमका सुदूर पश्चिम र कर्णाली प्रदेशका उच्च पहाडी एवम् हिमाली जिल्लाका स्थानीय तहमा कार्यक्रम सञ्चालन गरिनेछ।

५. **<u>लागत साझेदारीः</u>** (१) आयोजना सञ्चालन गर्नका लागि कार्यक्रमको तर्फबाट अधिकतम नब्वे प्रतिशत र स्थानीय तहबाट न्यूनतम दश प्रतिशत लागत सहभागिता रहनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा ७ को उपदफा (२) को खण्ड (क) बमोजिमका आयोजनाको हकमा स्थानीय तहको लागत सहभागिताको अंश न्यूनतम वीस प्रतिशत हुनेछ।

(३) यस कार्यविधि वमोजिम आयोजना छनौट गर्दा बढी लागत साझेदारी गर्ने स्थानीय तहले माग गरेका आयोजनालाई विशेष प्राथमिकता दिन सकिनेछ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि दफा ७ को उपदफा (२) को खण्ड (ज) बमोजिम निर्माण हुने निजी आवासको हकमा लाभग्राहीहरुको तर्फबाट आयोजनाको लागि स्वीकृत अदक्ष श्रमिकको श्रम लागतको कम्तिमा बीस प्रतिशत व्यहोर्नु पर्नेछ।

(५) उपभोक्ता समितिबाट सञ्चालन गरिने आयोजनाको हकमा यस दफा बमोजिम स्थानीय तहले ब्यहोर्ने लागतको कम्तीमा पचास प्रतिशत उपभोक्ता समितिबाट नगद वा निर्माण सामग्री वा श्रमदानको रुपमा व्यहोर्नु पर्नेछ।

६. **<u>अनुदान उपलब्ध गराउने आधारहरू:</u>** (१) कार्यक्रम लागू भएका स्थानीय तहलाई स्वीकृत आयोजना कार्यान्वयनका लागि माग, आवश्यकता र औचित्यताको आधारमा प्रति आयोजना न्यूनतम रु. पच्चीस लाखदेखि अधिकतम दुई करोडसम्म अनुदान उपलव्ध गराइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा (७) को उपदफा (२) को खण्ड (ज) बमोजिमका आयोजनाको हकमा बिस्तृत आयोजना प्रतिबेदन अनुसार र खण्ड (झ) बमोजिमको आयोजनाको हकमा न्यूनतम दुई लाखदेखि अधिकतम दश लाखसम्म अनुदान उपलव्ध गराउन सकिनेछ।

(३) कुनै स्थानीय तहमा विशेष प्रकृतिका आयोजना सञ्चालन गर्नुपर्ने अवस्थामा सम्वन्धित स्थानीय तहको जनसङ्ख्या, क्षेत्रफल, मानव विकास सूचकाङ्क, गरिबीको दर तथा आर्थिक सामाजिक रूपले पछाडि परेका वर्ग र समुदायको आवश्यकतालाई समेत आधार मानी मन्त्रालयले अनुदान सीमा वृद्धि गर्न सक्नेछ।

(४) आयोजना आवश्यकता अनुसार बहुवर्षीय रुपमा पनि सञ्चालन गर्न सकिनेछ। यसरी बहुवर्षीय रुपमा आयोजना सञ्चालन गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

(५) स्थानीय तहलाई अनुदान स्वरुप उपलब्ध गराउने बजेट सीमा स्थानीय तहले सभामा बजेट पेश गर्नु अघि उपलब्ध गराइनेछ।

तर, आर्थिक वर्ष २०७८/७९ को हकमा यो व्यवस्था लागू हुने छैन।

(६) स्थानीय तहले उपदफा (५) बमोजिम प्राप्त बजेट सीमाको आधारमा यस कार्यविधि बमोजिम लागत साझेदारीका लागि आवश्यक बजेट व्यवस्था गर्नु पर्नेछ।

(७) यस कार्यविधि बमोजिम तोकिएको समयभित्र आयोजना प्रस्ताव पेश नगर्ने स्थानीय तहलाई अनुदान रकम उपलब्ध गराईने छैन।

७. **<u>कार्यक्रम सञ्चालनका क्षेत्र:</u>** (१) एकीकृत वस्ती विकास तथा भौतिक पूर्वाधार विकास निर्माण मार्फत सार्वजनिक सेवामा पहुँच वृद्धि गर्ने तथा आर्थिक सामाजिक रुपले पछाडि परेका वर्ग र समुदायको जीवनस्तरमा सुधार ल्याउने आयोजना सञ्चालन गर्नका लागि यस कार्यविधि बमोजिमको अनुदान उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको अनुदान स्थानीय तहले देहायका क्षेत्रका आयोजना सञ्चालन गर्न प्रयोग गर्नु पर्नेछः

(क) **साना सडक स्तरोन्नतिः** स्थानीय तहका ग्रामिण बस्तीहरु, गाउँपालिका वा नगरपालिकाको केन्द्रबाट वडा जोड्ने, एउटा वडाबाट अर्को वडा जोड्ने र एउटा गाउँबाट अर्को गाउँ जोड्ने स-साना सडक आयोजना।

तर, सडकको नयाँ ट्र्याक खोल्न वा माटोजन्य कार्यका लागि मात्र यस कार्यक्रमको रकमबाट खर्च व्यहोरिने छैन।

(ख) **सामुदायिक पूर्वाधारः** सामुदायिक भवन, विद्यालय भवन, प्रसुति सेवा केन्द्र, बाल विकास केन्द्र भवन, सामुदायिक तालिम केन्द्र निर्माण।

(ग) **कृषि विकास:** खाद्य तथा फलफूल प्रशोधन, जैविक कृषि व्यवसाय, कृषि उपजको सङ्कलन तथा बिक्री केन्द्र, हाटबजार केन्द्र निर्माण, डेरी उद्यम सञ्चालन र व्यवस्थापन।

(घ) **खानेपानी तथा सरसफाईः** धारा, पोखरी, सार्वजनिक शौचालय तथा खानेपानी ट्याङ्की निर्माण, पाइपलाइन जडान।

(ङ) **सिँचाइ तथा नदी नियन्त्रण:** साना सिँचाइको निर्माण (सौर्य सिँचाइ प्रणाली समेत) तथा नदी नियन्त्रण।

(च) **ऊर्जा:** ग्रामीण विद्युतीकरण तथा वैकल्पिक ऊर्जा सम्बन्धी पूर्वाधार निर्माण।

(छ) **विपद् जोखिम न्यूनीकरण पूर्वाधार:** पोखरी तथा जलाशय, महामारीजन्य रोगको उपचार र निदान सम्बन्धी पूर्वाधार निर्माण।

(ज) **एकीकृत वस्ती विकासः** भौगोलिक रुपमा विकट तथा विपदको उच्च जोखिमयूक्त अवस्थामा बसोबास गरेका अति बिपन्न घर परिवारको निमित्त आधारभूत आवासको आवश्यकता पूरा गर्न एकीकृत वस्ती विकास कार्यक्रम।

(झ) **परम्परागत पेशा प्रवर्द्धन एवम् आय आर्जन तथा जीवनस्तर सुधार:** आर्थिक, सामाजिक रुपले पछाडि परेका कार्यक्रम कार्यान्वयन हुने स्थानीय तहका अति विपन्न नागरिकका लागि सीपमूलक तालिम तथा आय आर्जन कार्यक्रम।

स्थानीय तहले यस्तो कार्यक्रम प्रस्ताव पेश गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा मान्यता प्राप्त संस्था मार्फत वा सो संस्थाबाट तालिम प्राप्त प्रशिक्षक वा परम्परागत सीपमा पारङ्गत व्यक्ति मार्फत स्थानीय तह आफैले तालिम सञ्चालन गर्ने व्यबस्था मिलाउनु पर्नेछ।

(३) स्थानीय तहले यस कार्यक्रम अन्तर्गत आयोजना प्रस्ताव पेश गर्दा सङ्घ, प्रदेश वा अन्य सरकारी वा गैर सरकारी निकायबाट सञ्चालित समान प्रकृतिका आयोजनासँग दोहोरो नहुने गरी गर्नु पर्नेछ ।

## परिच्छेद - ३

## <u>आयोजना छनौट, सञ्चालन तथा व्यवस्थापन</u>

८. **<u>आयोजना छनौटः</u>** (१) स्थानीय तहले यस कार्यविधि बमोजिम प्रस्तावित आयोजना अनुसूची-२ को ढाँचामा कार्यक्रम समन्वय एकाइमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना माग गर्दा निर्माण व्यवसायी, उपभोक्ता समिति वा अन्य विधिबाट आयोजना सञ्चालन गर्ने हो खुलाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको आयोजना प्रस्ताव पेश गर्दा देहायका विवरण समेत खुलाई पेश गर्नुपर्नेछः

(क) आयोजना सञ्चालन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याई,

(ख) आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) आयोजना तथा कार्यक्रमको कूल लागत र अवधि,

(घ) आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयार भएको भए सोको सारांश र तालिम कार्यक्रमको हकमा विस्तृत प्रस्ताव,

(ङ) एकीकृत वस्ती विकास कार्यक्रमको हकमा वस्ती पहिचान गरी अनुसूची-३ बमोजिमको विस्तृत विवरण,

(च) एक आर्थिक वर्षभन्दा वढी अवधिको आयोजना भए प्रत्येक वर्षको लागि आवश्यक पर्ने रकम र स्थानीय तहबाट व्यहोरीने रकमको विवरण,

(छ) आयोजनाको कूल लागतमध्ये अनुदान र स्थानीय तहले व्यहोर्ने रकमको अनुपात र श्रोतको विवरण,

(ज) समय समयमा नेपाल सरकारले तोकेका अन्य विवरण।

(४) उपदफा (१) बमोजिम माग भई आएका आयोजना मध्येबाट आयोजना छनौट समितिले आयोजना वा कार्यक्रम छनौट गरी केन्द्रीय निर्देशक समितिबाट स्वीकृत भए पश्चात स्थानीय तहमा अनुदान उपलब्ध गराई कार्यान्वयन गरिनेछ।

(५) आयोजना छनौट गर्दा दीर्घकालीन प्रभाव पर्ने र स्थानीय तहको अधिकतम लागत सहभागिताको सुनिश्चितता भएका आयोजनालाई प्राथमिकता दिइनेछ।

(६) दुई वा सोभन्दा बढी स्थानीय तहका सिमानासँग जोडिएका आयोजनाको छनौट, कार्यान्वन तथा व्यवस्थापन केन्द्रीय निर्देशक समितिको निर्णयानुसार हुनेछ।

(७) एकीकृत वस्ती विकास सम्बन्धी आयोजना प्राविधिक सम्भाव्यताका आधारमा छनौट गरिनेछ। यसका लागि आधार तथा मापदण्ड निर्देशक समितिले तोके बमोजिम हुनेछ ।

९. **आयोजना सञ्चालन तथा व्यवस्थापन प्रक्रिया:** (१) स्थानीय तहले प्रत्येक वर्ष फाल्गुण १५ गते भित्र आयोजनाको प्रस्ताव केन्द्रीय समन्वय एकाइमा पेश गर्नुपर्नेछ।

साथै, आर्थिक वर्ष २०७८/७९ मा कार्यान्वयन गरिने आयोजनाको प्रस्ताव २०७८ साल फाल्गुण १५ गते भित्र कार्यक्रम समन्वय एकाइमा पेश गरिसक्नु पर्नेछ।

(२) आयोजना छनौट समितिले स्थानीय तहबाट माग भई आएका आयोजना चैत्र महिनाभित्र छनौट गरी केन्द्रीय निर्देशक समितिबाट स्वीकृत भए पश्चात सोको विवरण स्थानीय तहमा उपलव्ध गराउने छ।

तर आर्थिक वर्ष २०७८/७९ को हकमा २०७८ साल फागुन मसान्तभित्र आयोजना छनौट गरिनेछ।

(३) उपदफा (२) बमोजिम छनौट भएका आयोजना सम्बन्धित स्थानीय तहले गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्नुपर्नेछ।

(४) स्थानीय तहले आयोजना छनौट तथा माग प्रस्ताव गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(५) स्वीकृत भएका आयोजना स्थानीय तहले मङ्सिर मसान्तसम्म पनि कार्यान्वयनको कुनै प्रक्रिया शुरु नगरेको अवस्थामा मन्त्रालयले त्यस्ता आयोजनाहरुलाई खारेज गरी अन्य स्थानीय तहमा माग भएका आयोजनाहरु मध्येबाट स्वीकृत गरी बजेट विनियोजन गर्न सक्नेछ।

तर आर्थिक वर्ष २०७८/७९ को हकमा २०७८ साल वैशाख १५ गते भित्र आयोजना कार्यान्वयन प्रक्रिया शुरु गरिसक्नु पर्नेछ।

१०. **आयोजनाको अनुगमन तथा मूल्याङ्कन:** यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजनाको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहको अनुगमन तथा सुपरीवेक्षण समितिले आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(ख) स्थानीय तहले यो कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको त्रैमासिक र बार्षिक प्रगति प्रतिवेदन अनुसूची-४ बमोजिम केन्द्रीय समन्वय एकाइमा नियमित रूपमा पठाउनु पर्नेछ।

(ग) मन्त्रालय र केन्द्रीय समन्वय एकाइले यस कार्यविधि अनुरूप कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

## परिच्छेद-४

## आर्थिक व्यवस्थापन

११. **वित्तीय स्रोत परिचालन तथा खर्च व्यवस्थापन:** (१) आयोजना कार्यान्वयन गर्ने मन्त्रालयले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउनेछ।

(२) स्थानीय तहले आयोजना कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन तथा अन्य प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(३) स्थानीय तहले आयोजनाको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा दफा ५ बमोजिम व्यहोर्नुपर्ने रकमको अनुपात मिलाउनु पर्नेछ।

(४) स्थानीय तहले प्रचलित कानून बमोजिम कार्यक्रमको लेखा राख्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ।

१२. **कन्टिन्जेन्सी रकम खर्च सम्वन्धी व्यवस्था:** (१) स्थानीय तहले आयोजनामा भुक्तानी हुने कूल रकमको चार प्रतिशत भन्दा वढी नहुने गरी कन्टिन्जेन्सी बापत रकम खर्च गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कन्टिन्जेन्सी रकम आयोजना सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन लगायत आयोजना कार्यान्वयनसँग सम्वन्धित कार्यका लागि मात्र खर्च गर्न सकिनेछ।

१३. **खर्चमा बन्देज:** स्थानीय तहलाई प्राप्त हुने अनुदान रकमबाट देहाय बमोजिमको क्षेत्र वा कार्यमा स्वीकृत रकम खर्च गर्न पाइने छैन:

(क) कुनै प्रकारको तलब भत्ता एवम् कर्मचारी, राजनैतिक पदाधिकारी वा व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिइने सुविधा सम्बन्धी खर्च,

(ख) सवारी साधन मर्मत सम्भार र इन्धन खर्च,

(ग) घरभाडा, बिजुली, टेलिफोन, पानीको महशुललगायत कार्यालय सञ्चालनसम्बन्धी खर्च,

(घ) राजनीतिक दल तथा तिनका भातृ सङ्गठन, सङ्घसंस्था वा व्यक्तिलाई कुनै किसिमको आर्थिक सहायता चन्दा, पुरस्कार प्रदान गर्न,

(ङ) दामासाही वा भागबण्डाको हिसावले रकम बाँडफाँट गर्न,

(च) स्थानीय तहको सभाबाट स्वीकृत नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न।

## परिच्छेद- ५ विविध

१४. **केन्द्रीय निर्देशक समिति:** (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउन तथा आवश्यक समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको केन्द्रीय निर्देशक समिति रहनेछ:

(क) सचिव, मन्त्रालय - संयोजक

(ख) सह-सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) सह-सचिव, राष्ट्रिय योजना आयोग - सदस्य

(घ) सह-सचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा - सदस्य

(ङ) सह-सचिव, शहरी विकास मन्त्रालय - सदस्य

(च) महानिर्देशक, स्थानीय पूर्वाधार विभाग - सदस्य

(छ) कार्यक्रम निर्देशक, उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम - सदस्य-सचिव

(२) केन्द्रीय निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। साथै समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार विषयगत मन्त्रालयका प्रतिनिधि र अन्य कुनै पदाधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

१५. **केन्द्रीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार:** केन्द्रीय निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) आयोजना छनौट समितिबाट छनौट भएका आयोजनालाई स्वीकृति दिने,

(ख) कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा आवश्यक मार्गदर्शन गर्ने,

(ग) कार्यक्रमका लागि आवश्यक पर्ने स्रोतको आँकलन तथा व्यवस्थापन गर्ने,

(घ) कार्यक्रमको लागि केन्द्रीय तहबाट गर्नुपर्ने समन्वय तथा कार्यान्वयनमा एकरूपता एवम् सहजीकरण गर्ने,

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाबीच आवश्यक समन्वय गर्ने गराउने,

(च) कार्यक्रमको अनुगमन र समीक्षाको आधारमा सुधारका लागि आवश्यक निर्देशन दिने।

१६. **आयोजना छनौट समिति:** (१) स्थानीय तहबाट माग भई आएका आयोजना छनौट गर्नका लागि मन्त्रालयमा देहाय बमोजिमको एक आयोजना छनौट समिति रहनेछ:

(क) सह-सचिव, योजना तथा विकास सहायता समन्वय महाशाखा - संयोजक

(ख) उप-सचिव, अर्थ मन्त्रालय - सदस्य

(ग) उप-सचिव, योजना तथा अनुगमन शाखा, मन्त्रालय - सदस्य

(घ) सि.डि.ई, शहरी विकास मन्त्रालय - सदस्य

(ङ) कार्यक्रम निर्देशक, उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम - सदस्य-सचिव

(२) आयोजना छनौट समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। साथै समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार अन्य मन्त्रालयका प्रतिनिधि र अन्य कुनै पदाधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

१७. **आयोजना छनौट समितिको काम, कर्तव्य र अधिकार:** आयोजना छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय तहबाट माग भई आएका आयोजनाको विवरण तयार गर्ने,

(ख) माग भई आएका आयोजना मध्येबाट कार्यविधिमा व्यवस्था भए बमोजिम आयोजना छनौट गर्ने,

(ग) आयोजना छनौट गर्दा दिगो विकास लक्ष्य प्राप्तिसँग सम्वन्धित गरिबी न्यूनीकरण, समावेशिता, पिछडिएको क्षेत्रको विकास, विपद् ब्यवस्थापन र जलवायु परिवर्तन अनुकूलन जस्ता विषयलाई प्राथमिकता दिने,

(घ) स्थानीय तहबाट माग भई आएका आयोजनाको आवश्यकता अनुसार स्थलगत रूपमा निरीक्षण गर्ने,

(ङ) स्थानीय तहबाट माग भई आएका आयोजना दफा ८ मा तोकिएको मापदण्डका आधारमा छनौट गरी केन्द्रीय निर्देशक समितिमा स्वीकृतिको लागि पेश गर्ने।

१८. **केन्द्रीय समन्वय एकाइ:** (१) कार्यक्रम समन्वय तथा सहजीकरण गर्न स्थानीय पूर्वाधार विभागमा अनुसूची - ५ मा उल्लेख भए बमोजिमको उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय एकाइ रहनेछ।

(२) स्थानीय पूर्वाधार विभागले सि.डि.ई. तहको कर्मचारीलाई कार्यक्रम निर्देशकको रुपमा खटाउनेछ।

१९. **केन्द्रीय समन्वय एकाइको काम, कर्तब्य र अधिकार:** केन्द्रीय समन्वय एकाइले देहाय बमोजिमका कार्य समन्वयात्मक, नतिजामूखी र समयवद्ध रूपमा कार्यान्वयन गर्ने गराउनेछः

(क) वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि पेश गर्ने,

(ख) स्वीकृत कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समन्वय तथा सहजीकरण गर्ने गराउने,

(ग) केन्द्रीय निर्देशक समिति र आयोजना छनौट समितिको सचिवालयको रुपमा काम गर्ने,

(घ) समन्वय एकाइमा कार्यरत कर्मचारीको प्रशासन र व्यवस्थापन गर्ने,

(ङ) स्थानीय तहबाट कार्यक्रमको प्रतिवेदन लिई एकीकृत प्रगति प्रतिवेदन तयार गर्ने र सम्बन्धित निकायमा पठाउने,

(च) कार्यक्रमको नियमित अनुगमन, निरीक्षण गरी प्रतिवेदन तयार गर्ने तथा आवश्यक पृष्ठपोषण प्रदान गर्ने,

(छ) कार्यक्रमको वार्षिक समीक्षा गरी प्राप्त पृष्ठपोषणका आधारमा सुधारका लागि पेश गर्ने,

(ज) कार्यक्रमसँग सम्वन्धित कर्मचारीको क्षमता विकासका लागि आवश्यक तालिम, गोष्ठी सञ्चालन गर्ने गराउने,

(झ) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गराउने।

२०. **आवश्यक व्यवस्था गर्नसक्ने:** यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा सोको समाधानका लागि मन्त्रालयले आवश्यक व्यवस्था गर्न सक्नेछ।

अनुसूची -१

(दफा ४ सँग सम्बन्धित)

## कार्यक्रम लागू हुने जिल्ला एवम् स्थानीय तह

| सि.नं. | जिल्ला | क्र.सं. | गाउँपालिका/नगरपालिका | कैफियत |
|---|---|---|---|---|
| १ | दार्चुला | १ | महाकाली नगरपालिका | |
| | | २ | शैल्यशीखर नगरपालिका | |
| | | ३ | मार्मा गाउँपालिका | |
| | | ४ | नौगाड गाउँपालिका | |
| | | ५ | दुहुँ गाउँपालिका | |
| | | ६ | मालिकार्जुन गाउँपालिका | |
| | | ७ | अपिहिमाल गाउँपालिका | |
| | | ८ | लेकम गाउँपालका | |
| | | ९ | व्यास गाउँपालिका | |
| २ | बझाङ | १ | सैपाल गाउँपालिका | |
| | | २ | बङ्गाल गाउँपालिका | |
| | | ३ | सुर्मा गाउँपालिका | |
| | | ४ | तालकोट गाउँपालिका | |
| | | ५ | छविस पाथिभरा | |
| | | ६ | विथ्चडचिर | |
| | | ७ | केदारस्यूँ गाउँपालिका | |
| | | ८ | दुर्गाथली गाउँपालिका | |
| | | ९ | थालारा गाउँपालिका | |
| | | १० | खप्तडछन्ना | |
| | | ११ | जयपृथ्वी | |
| | | १२ | मष्टा गाउँपालिका | |
| ३ | अछाम | १ | साँफेबगर नगरपालिका | |
| | | २ | मल्लेख गाउँपालिका | |

| सि.नं. | जिल्ला | क्र.सं. | गाउँपालिका/नगरपालिका | कैफियत |
|---|---|---|---|---|
| | | ३ | चौरपाटी गाउँपालिका | |
| | | ४ | ढकारी गाउँपालिका | |
| | | ५ | मङ्गलसेन नगरपालिका | |
| | | ६ | बान्नीगढी जयागढ गाउँपालिका | |
| | | ७ | रामारोशन गाउँपालिका | |
| | | ८ | पञ्चदेवल विनायक नगरपालिका | |
| | | ९ | कमलबजार नगरपालिका | |
| | | १० | तुर्माखाँद गाउँपालिका | |
| ४ | बाजुरा | १ | हिमाली गाउँपालिका | |
| | | २ | गौमूल गाउँपालिका | |
| | | ३ | बुढीनन्दा नगरपालिका | |
| | | ४ | बढीमालिका गाउँपालिका | |
| | | ५ | जगन्नाथ गाउँपालिका | |
| | | ६ | त्रिवेणी गाउँपालिका | |
| | | ७ | बुढीगङ्गा नगरपालिका | |
| | | ८ | स्वामिकार्तिक खापर गाउँपालिका | |
| ५ | मुगु | १ | छायाँनाथ रारा नगरपालिका | |
| | | २ | सोरु गाउँपालिका | |
| | | ३ | मुगुमकार्मारोंग गाउँपालिका | |
| | | ४ | खत्याड गाउँपालिका | |
| ६ | डोल्पा | १ | ठूलीभेरी नगरपालिका | |
| | | २ | त्रिपुरा सुन्दरी नगरपालिका | |
| | | ३ | डोल्पो बुद्ध गाउँपालिका | |
| | | ४ | शे-फोक्सुन्डो गाउँपालिका | |
| | | ५ | जगदुल्ला गाउँपालिका | |
| | | ६ | मुड्केचुला गाउँपालिका | |

| सि.नं. | जिल्ला | क्र.सं. | गाउँपालिका/नगरपालिका | कैफियत |
|---|---|---|---|---|
| | | ७ | काईके गाउँपालिका | |
| | | ८ | छार्का ताङसोङ गाउँपालिका | |
| ७ | हुम्ला | १ | सिमकोट गाउँपालिका | |
| | | २ | नाम्खा गाउँपालिका | |
| | | ३ | खार्पुनाथ गाउँपालिका | |
| | | ४ | सर्केगाड गाउँपालिका | |
| | | ५ | चंखेली गाउँपलिका | |
| | | ६ | अदानचुली गाउँपालिका | |
| | | ७ | ताँजाकोट गाउँपालिका | |
| ८ | जुम्ला | १ | सिँजा गाउँपालिका | |
| | | २ | हिमा गाउँपालिका | |
| | | ३ | तिला गाउँपालिका | |
| | | ४ | गुठिचौर गाउँपालिका | |
| | | ५ | तातोपानी गाउँपालिका | |
| | | ६ | पातारासी गाउँपालिका | |
| ९ | कालिकोट | १ | खाँडाचक्र नगरपालिका | |
| | | २ | तिलागुफा नगरपालिका | |
| | | ३ | रास्कोट नगरपालिका | |
| | | ४ | शुभ कालिका गाउँपालिका | |
| | | ५ | नरहरिनाथ गाउँपालिका | |
| | | ६ | पचालझरना गाउँपालिका | |
| | | ७ | पलाता गाउँपालिका | |
| | | ८ | महावै गाउँपालिका | |
| | | ९ | सान्नी त्रिवेणी गाउँपालिका | |
| १० | रुकुम पश्चिम | १ | मुसीकोट नगरपालिका | |
| | | २ | चौरजहारी नगरपालिका | |

| सि.नं. | जिल्ला | क्र.सं. | गाउँपालिका/नगरपालिका | कैफियत |
|---|---|---|---|---|
| | | ३ | आठबिसकोट नगरपालिका | |
| | | ४ | बाँफिकोट गाउँपालिका | |
| | | ५ | त्रिवेणी गाउँपालिका | |
| | | ६ | सानीभेरी गाउँपालिका | |
| ११ | जाजरकोट | १ | भेरी नगरपालिका | |
| | | २ | छेडागाड नगरपालिका | |
| | | ३ | नलगाड नगरपालिका | |
| | | ४ | कुसे गाउँपालिका | |
| | | ५ | जुनीचाँदे गाउँपालिका | |
| | | ६ | बारेकोट गाउँपालिका | |
| | | ७ | शिवालय गाउँपालिका | |

अनुसूची-२

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

**आयोजना कार्यक्रम माग फारम**

१. आ.व.:-

२. नगर/गाउँ पालिकाको नामः-

२. जिल्लाः-

३. प्रदेशः-

| क्र. सं. | प्रस्तावित आयोजना/कार्यक्रम को विवरण | कार्यक्रम सञ्चालन हुने स्थान (वडा नं. समेत) | आयोजना क्षेत्र | भौतिक लक्ष्य परिमाणमा | अनुमानित लागत | | | आयोजना सम्पन्न हुने अवधि | आयोजनाबाट लाभान्वित जनसङ्ख्या | डिपिआर भए नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | केन्द्रिय अनुदान | स्थानीय तहबाट बेहोरिने रकम | कूल लागत | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

क्षेत्र भन्नाले (क) साना सडक स्तरोन्नति, (ख) सामुदायिक पूर्वाधार, (ग) कृषि विकास, (घ) खानेपानी तथा सरसफाई, (ङ) साना सिँचाइ तथा नदी नियन्त्रण, (च) ऊर्जा, (छ) विपद् जोखिम न्यूनीकरण पूर्वाधार (ज) एकीकृत वस्ती विकास (झ) परम्परागत पेशा प्रवर्द्धन एवम् आय आर्जन तथा जीवनस्तर सुधार कार्यक्रम बमोजिमको कार्य उल्लेख गर्ने।

माग एवम् सिफारिस गर्नेको

नामः-

दस्तखतः-

छापः-

मितिः-

अनुसूची-३

(दफा ८ को उपदफा ३ (ङ) सँग सम्बन्धित)

## एकीकृत वस्ती विकास पहिचान विवरण

योजना स्थल पहिचान गर्ने आधारहरुः

| आधार | सूचक | कैफियत |
|---|---|---|
| भौगोलिक अवस्था | प्राविधिक अध्ययन टोलीले वस्ती विकासको लागि उपयुक्त भनी सिफारिस गरेको । | |
| घरधुरीको विवरण | एकीकृत बस्ती विकासका लागि सहमति जनाउने घरधुरी सङ्ख्या | |
| | लाभग्राही समुदायको आर्थिक-सामाजिक अवस्था<br>• घरको किसिम र औषत क्षेत्रफल<br>• प्रमुख पेशा र औषत आय<br>• औषत परिवार सङ्ख्या<br>• औषत साक्षरता दर<br>• औषत आयु | |
| बस्तीमा आधारभूत भौतिक पूर्वाधारको उपलब्धता | सडक सञ्जाल वा ग्रामिण बाटोसँग जोडिएको वा नजोडिएको, जोडिएको भए सडकको किसिम र अवस्था | |
| | खानेपानी तथा सरसफाई सम्वन्धी पूर्वाधारको अवस्था वा नभएको अवस्थामा निर्माण गर्न सकिने सम्भावना | |
| | विद्युत सेवा उपलब्धताको अवस्था | |
| सामाजिक पूर्वाधार | विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी र सामुदायिक भवन जस्ता आधारभूत पूर्वाधारको उपलब्धता | |
| आर्थिक पूर्वाधार | वैंक तथा वित्तीय संस्था, पसल, साना उद्योगको अवस्था | |

अनुसूची-४

(दफा १० सँग सम्बन्धित)

**त्रैमासिक/वार्षिक प्रगति प्रतिवेदन**

| | | | |
|---|---|---|---|
| १ | आ.व.: | ८ | स्वीकृत रकमः |
| २ | बजेट उपशीर्षकः | ९ | निकासा भएको रकमः |
| ३ | मन्त्रालय/विभागः | १० | प्राप्त हुन बाँकी रकमः |
| ४ | कार्यक्रमको नामः उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम | ११ | आयोजना सम्झौता मितिः |
| ५ | स्थानीय तहः | १२ | आयोजना सम्पन्न हुने मितिः |
| ६ | आयोजना प्रमुखको नामः | १३ | आयोजना सम्पन्न भएको मितिः |
| ७ | श्रमदिन | | |

| क. सं. | सञ्चालित आयोजना/कार्यक्रमको नाम | स्रोत | | | कार्यक्रम सञ्चालन प्रकृया | | | एकाइ | .....लक्ष्य | | | .....प्रगति | | | यस.....अवधिसम्मको खर्च | | लाभान्वित समुदाय/ जनसङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | केन्द्रीय अनुदान रकम | स्थानीय तह लागत साझेदारी | कूल रकम | उपभोक्ता समिति | ठेक्का | अन्य | | परिमाण | भार | बजेट | परिमाण | भार | प्रतिशत | रकम रु. | प्रतिशत | | |
| १ | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

| ........................... | ................................ | ...................................... |
|---|---|---|
| योजना शाखा प्रमुख | आर्थिक प्रशासन शाखा प्रमुख | कार्यालय प्रमुख |

वार्षिक लक्ष्य र प्रगति उल्लेख गर्दा आयोजनाको क्षेत्रगत परिमाणात्मक उपलब्धी अनिवार्य उल्लेख गर्ने

क. साना सडक स्तरोन्नतीः कि.मि./मिटर

ख. सामुदायिक पूर्वाधारः वटा/तल्ला

ग. कृषिक विकासः सङ्ख्या

घ. खानेपानी तथा सरसफाईः मिटर/वटा

ङ. सिँचाइ तथा नदि नियन्त्रणः मिटर/वटा

च. उर्जाः मिटर/वटा

छ. विपद जोखिम न्युनिकरण पूर्वाधारः वटा

ज. पारम्परिक पेशा प्रवर्द्धन एवम् आय आर्जन तथा जीवनस्तर सुधारः सङ्ख्या

अनुसूची-५

(दफा १८ को उदफा (१) सँग सम्बन्धित)

<u>केन्द्रीय समन्वय एकाइ संरचना</u>

१. कार्यक्रम निर्देशक, सि.डि.ई, रा.प.द्वितीय (प्राविधिक) १ जना

२. इन्जिनियर, रा.प. तृतीय (प्राविधिक) -१ जना

३. कम्प्यूटर अपरेटर, -१ जना

४. कार्यालय सहयोगी -१ जना

नोटः क्रम सङ्ख्या १ र २ को पदमा स्थानीय पूर्वाधार विभागमा कार्यरत जनशक्तिलाई अतिरिक्त जिम्मेवारी प्रदान गर्ने गरी।